मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूका सवालमा अधिकार, पहुँच, र अवसरहरूमा सुधारको लागि प्रस्ताव

प्रस्ताव गरिने निकायः राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल (NFDN)

तयार गर्ने : मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपाङ्गता अनुभव गरेका व्यक्तिको संजाल सदस्यहरु

मितिः २०८१ कार्तिक २१

१. पृष्ठभूमि

नेपालमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न प्रकारका चुनौतीहरूको सामना गरिरहेका छन्। स्वास्थ्य सेवा, शिक्षा, रोजगारी, आर्थिक गतिविधी र सामाजिक सुरक्षा आदिमा उनीहरूको पहुँच सीमित छ, जुन सामाजिक बहिष्करण र भेदभावको कारणले गम्भीर समस्यामा परिणत भइरहेको छ। यस्ता अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र सेवामा पहुँचको सन्दर्भमा नेपालले हालसम्म प्रभावकारी रूपमा आवश्यक नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न सकेको छैन | मनोसामाजिक अपाङ्गता भनेको विद्यमान दृष्टिकोणजन्य, सामाजिक तथा कानुनी अवरोधहरूका कारण मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिले समाजमा अन्य व्यक्तिसरह समान आधारमा सहभागीता जनाउन नपाउनु वा कठिनाइ हुनु हो।

२. बागमती प्रदेशमा मनोसामाजिक अपाङ्गताको सन्दर्भ

यक्तिको मन वा मानसिक अवस्थामा आएको विचलन अथवा समस्याको कारण उसले आफ्नो दैनिक जीवन संचालन गर्न तथा अन्य व्यक्तिसरह परिवार तथा सामाजिक जीवनमा सहभागी हुन वाधा/अवरोध पुगेको महशुस गर्छ भने यसलाइ मनोसामाजिक समस्याको अवस्था भनिन्छ। यदि यस्तो अवरोधको अवस्था लामो समयसम्म रहन्छ भने त्यस्तो अवस्थालाइ मनोसामाजिक अपाङ्गताको अवस्था भनिन्छ।

मनोसामाजिक अपाङ्गता व्यक्तिको शारीरिक स्वास्थ्यमा आएको परिवर्तन होइन। यो त उसको मनमा भएको समस्या वा विचलन हो। यस्तो अवस्थामा व्यक्तिले परिवार तथा समाजसंग व्यवहार गर्दा विभेद तथा अवरोधको सामना गर्दछन्।

पछिल्लो जनगणना २०७८ सालको तथ्यांकलाई हेर्दा मनोसामाजिक अपाङ्गता ४.२८ प्रतिशत अर्थात संख्यागत रुपमा हेर्दा मनोसामाजिक अपाङ्गताको विवरणमा नेपालमा महिला १३,०७२, पुरुष

१४९७३,बागमती प्रदेशमा महिला २७९७ पुरुष २८६३,,मकवानपुर जिल्लामा महिला २३० पुरुष २९४ र हेटौंडा उपमहानगरपालिका महिला ७८ पुरुष १०७ (१८५) साथै अन्य अपाङ्गताहरुको प्रतिशत हेर्दा पनि १ देखि ७ प्रतिशतको बिचमा रहेको देखिन्छ । यसरी तथ्यगत प्रमाणलाई हेर्दा पनि मनोसामाजिक अपाङ्गताको संख्या पनि उल्लेख्य मात्रामा रहेको देखिन्छ ।

३. मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले भोग्नुपरेका समस्या

- **सामाजिक बहिष्करण र कलंकः** मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा उपेक्षाको दृष्टिले हेर्ने प्रवृत्ति कायमै छ, (उनिहरू प्रति प्रयोग गरिने अपमानजनक शव्द, अविष्वास निर्णय प्रक्रियाबाट पर राखिनु) जसले उनीहरूको आत्मसम्मान र सहभागिता क्षमतामा प्रतिकूल असर पारिरहेको छ।
- **स्वास्थ्य सेवामा पहुँचः** मनोसामाजिक समस्या भएका व्यक्तिहरूले आवश्यक परामर्श, उनिहरुले नियमित सेवन गर्नुपर्ने औषधी लगायत मानसिक स्वास्थ्य सेवाहरूमा पहुँच पाउन कठिनाई महसुस गरीरहेका छन।
- **रोजगारी र शिक्षाः** शिक्षा र रोजगारीका अवसरहरूमा उनीहरूको पहुँच सीमित छ। जसले उनिहरुमा आर्थिक परनिर्भरता र गरिबी बढने सम्भावना बढाईरहेको छ।
- **नीति र कानुनी संरचनाः** वर्तमान नीति र कानुनी संरचनाले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई उचित अवसरबाट वञ्चित हुने परिस्थितिको सिर्जना गरेको छ। नेपाल सरकारले अपाङ्गता अधिकार ऐन २०७४ मा मनोसामाजिक अपाङ्गतालाई अन्य अपाङ्गतालाई जस्तै वर्गिकरण भित्र राखेको भएता पनि, अन्य देखिने अपाङ्गता जस्तै सहजै परिचय पत्र पाउन, अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिएका सेवा सुविधाहरूमा सहजै पहुँच पाउन NFDN जस्ता फोरमहरुमा सहजै नेतृत्व गर्ने अवसर पाउन राजनीतिक क्रियाकलापहरुमा सहभागी हुन, सहजै रुपमा सरकारी र गैर सरकारी निकायहरुमा जागीर पाउन निक्कै कठिन छ।

४. NFDN वकालत गर्नुपर्ने क्षेत्रहरुमा सुझाव

- **सचेतना कार्यक्रमहरूः** मनोसामाजिक अपाङ्गतासम्बन्धी समाजमा रहेको भ्रम र नकारात्मक दृष्टिकोण हटाउन स्थानीय र राष्ट्रियस्तरमा सचेतना अभियान सञ्चालन गर्ने।
- **नीति परामर्श र सिफारिसहरूः** वर्तमान कानुनी व्यवस्था र नीतिहरूमा आवश्यक सुधारको लागि सिफारिसहरू तयार गरी सरकारी निकाय र सरोकारवाला संस्थाहरूलाई प्रस्तुत गर्ने। (जस्तैः अपाङ्गता परिचय पत्र बितरण सम्वन्धी कार्यबिधी, जागिर खान बन्देज लगाउने कानुन,

संबैधानिक आयोगहरुमा बस्न बन्देज लगाउने कानुन, मतदान गर्न नपाउन कानुन, उम्मेदवार बन्न अयोग्य हुने कानुन आदी)

- **मनोसामाजिक सेवा पहुँच विस्तारः** स्थानीय स्वास्थ्य सेवा केन्द्रहरूमा मानसिक स्वास्थ्य र परामर्श सेवाहरू स्थापना गर्न पहल / वकालत गर्ने।
- **क्षमता विकास कार्यक्रमः** मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर उकास्न आर्थिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने।
- **शिक्षा क्षेत्रमा समावेशीकरणको लागीः** नीतिहरू लागू गरी मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षामा उचित पहुँच उपलब्ध गराउन पहल गर्ने |
- **रोजगारीमा पहुँचः** सीप विकासका कार्यक्रमहरूलाई मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको आवस्यकता बमोजिम उनिहरु मैत्री बनाउन पहल गर्ने।

NFDN को संरचना भित्र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको समावेसिकरणको लागी सुझाव

- NFDN को विधानको १३ (क) प्रदेश र १३ (ख) स्थानीय तहहरूमा स्वर बोलाई, हेमोफेलिया, मनोसामाजिक अपाङ्गता मध्यबाट १ जना को प्रतिनिधित्व हुने व्यवस्थालाई संशोधन गरी प्रदेश कार्य समितिमा समान प्रतिनिधित्वको व्यवस्था गराउन हुन् ।
- NFDN अन्तरगत बन्ने वकालत समुह, कार्यदलहरुमा मनोसामाजिक लगायत Under Representative Group मा पर्ने अपाङ्गता भएका व्यक्तिहरुको समेत समान प्रतिनिधित्व गराउनहुन्।
- हाल कोशिशले कार्यक्रम संचालन गरेको क्षेत्र भित्र हेटौडा उपमहानगर पालिकामा ५ वटा समूह र भीमफेदी गाउपालिकामा ५ वटा गरि जम्मा १० वटा समूहहरु रहेका छन् भने जसमा ती समूहका सदस्यहरु ९७ जना छन् | NFDN ले आगामी दिनमा संचालन गरिने जिबिकोपार्जन तथा आयआर्जनको कार्यक्रमहरुमा समाबेश गरी सहयोग गरिदिनहुन् |
- अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धि ऐन, २०७४ (२०१७) खण्ड ७ को ३५ नंवर बुंदामा उल्लेख भए अनुसार मानसिक तथा मनोसामाजिक समस्या भएका ब्यक्तिहरुको उपचारको ब्यबस्था गर्नुपर्ने प्राबधान उल्लेख भएको कुरा सर्वबिधितनै छ। तर कार्यन्वयन पक्ष फीतलो रहेकोले सम्बन्धीत नीकायलाई ध्यानाकर्षण गर्न पैरबी गरीदिन हुन ।

६. अपेक्षित परिणामहरू

- मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, रोजगारी, र स्वास्थ्य सेवामा पहुँचको विस्तार हुनेछ।
- मानसिक स्वास्थ्य सम्बन्धी भ्रम हटाउनका लागि समाजमा सकारात्मक परिवर्तन आउनेछ।
- मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण, आत्मसम्मान र जीवनस्तरमा सुधार आउनेछ।
- मनोसामाजिक समस्या भएका व्यक्ति अन्य व्यक्ति सरह आफनो अधिकारको उठान गर्न सक्ने छन् ।

७. कार्यान्वयन प्रक्रिया

- माथी उल्लेखित वकालत गर्नुपर्ने क्षेत्रहरुमा प्रस्तावित गतिविधिहरूलाई राष्ट्रिय अपाङ्ग महासंघ, स्थानीय सरकार, र अन्य सरोकारवालाहरूसँगको समन्वयमा कार्यान्वयन गर्ने। जसमा बिज्ञ संस्थाको तर्फबाट कोशिश र मनोसामाजिक अपाङ्गता मा रहेका व्यक्तिहरुको समेत सहयोग रहनेछ।
- कार्यक्रमहरूको निगरानी र मूल्याङ्कनका लागि कोशिश/ संजालका सदस्य र NFDN को संयुक्त कार्यदल बनाई समय-समयमा मूल्याङ्कन प्रतिवेदन तयार गर्न सकिनेछ।

निष्कर्ष

यस कन्सर्न पेपरमा उल्लेखित सिफारिसहरू र कार्ययोजनाहरूले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको समग्र मानवअधिकार र जीवनस्तरमा सुधार ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। राष्ट्रिय अपाङ्ग महासंघलाई यी सिफारिसहरूलाई ग्रहण गरी आगामी नीति निर्माण र कार्यक्रमहरूमा समावेश गर्ने अनुरोध गर्दछौं।

हाम्रो यस अनुरोधलाई सम्बोधन गरिदिनुहुनको लागि तपसिल बमोजिमका मनोसामाजिक अपाङ्गतामा रहेका सञ्जालका सदस्यहरुको हस्ताक्षर सहित यो पत्र पेश गर्दछौं ।

धन्यवाद !